नेपाल सरकार

गृह मन्त्रालय

नेपाल प्रहरी प्रधान कार्यालय

आन्तरिक लेखापरीक्षण शाखा नक्साल काठमाण्डौ

सिदा (राशन) तथा दाना खरिद बन्दोबस्त सम्बन्धी सिलबन्दी बोलपत्र, विद्युतीय बोलपत्र (e-bidding) तथा सिलबन्दी दरभाउपत्र

आह्वान सूचना नं. १/२०८०/०८१

प्रथम पटक प्रकाशित मिति २०८०/०८/१७ गते आइतबार

नेपाल प्रहरी अस्पतालमा उपचारार्थ भर्ना हुने बिरामीहरूको लागि सिदा (राशन), प्रहरी कार्यमा कार्यरत घोडा तथा कुकुरहरूको लागि दाना (आहार) को आर्थिक बर्ष २०८०/०८१/०८२ अर्थात २०८० साल माघ ०१ गते देखि २०८१ साल पौष मसान्त सम्म बर्ष १ (एक) को निमित्त विरामी सिदा (राशन) तथा दानाको सिलवन्दी बोलपत्र, विद्युतीय बोलपत्र (e-bidding) तथा सिलबन्दी दरभाउपत्र आह्वान गरी नेपाल भरी एकै पटक विरामी सिदा (राशन) तथा दाना खरिद बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाली राष्ट्रिय दैनिक गोरखापत्रमा प्रथम पटक देशव्यापी खरिद बन्दोबस्तको लागि यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र तथा दरभाउ पत्र लिन ईच्छुक विरामी सिदा (राशन) तथा दाना (आहार) आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका नेपाली आपूर्तिकर्ता व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट प्रहरी अस्पतालमा भर्ना हुने बिरामीको लागि नेपाल प्रहरी अस्पताल महाराजगञ्ज, कोशी प्रदेश प्रहरी अस्पताल मोरङ, मधेश प्रदेश प्रहरी अस्पताल (ठाँकोदेवी-जोगेन्द्र भगत) सप्तरी, बागमती प्रदेश प्रहरी अस्पताल हेटौडा, गण्डकी प्रदेश प्रहरी अस्पताल पोखरा, लुम्बिनी प्रदेश प्रहरी अस्पताल नेपालगञ्ज, सुदुरपश्चिम प्रदेश प्रहरी अस्पताल दिपायल र शाखा अस्पताल धनगढी, घोडा दानाको लागि काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथ, कुकुर दानाको लागि नेपाल प्रहरी केनाइन कार्यालय महाराजगन्ज, काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी, प्रदेश प्रहरी कार्यालयहरू कोशी प्रदेश बिराटनगर, मधेश प्रदेश जनकपुर, बागमती प्रदेश हेटौडा, गण्डकी प्रदेश पोखरा, लुम्बिनी प्रदेश दाङ, कर्णाली प्रदेश सुर्खेत, सुदुरपश्चिम प्रदेश दिपायलबाट तयार पारिएको बोलपत्र कागजातमा उल्लेखित संख्याको लागि बिरामी सिदा (राशन), घोडा तथा कुकुर दाना (आहार) को छुट्टाछुट्टै बोलपत्र सम्बन्धी कागजात खरिद गरी सम्बन्धित कार्यालयहरूबाट प्रकाशित हुने शर्तहरुको अधिनमा रहि प्रकाशित हुने सूचना बमोजिम सिलबन्दी बोलपत्र, विद्युतीय बोलपत्र (e-bidding) वा सिलबन्दी दरभाउपत्रद्वारा बिरामी सिदा (राशन) घोडा तथा कुकुर दाना (आहार) खरिद सम्बन्धी बोलपत्र आह्वान गरिएको छ।

## शर्तहरु

१. खरिद बन्दोबस्त गरिने सिदा (राशन) तथा दाना (आहार) को किसिम र परिमाण तथा प्राविधिक विवरण (स्पेशिफिकेशन), दरबन्दी संख्या, बोलपत्र जमानत, बोलपत्र दस्तुर लगायतका शर्तहरु सम्बन्धित कार्यालयहरूबाट तयार गरिएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिए बमोजिम हुनेछ।

२. बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने ईच्छुक नेपाली आपूर्तिकर्ताले लिखित आवेदन सहित आवश्यक कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी सम्बन्धित कार्यालयको सूचनामा उल्लेख भए बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) नेपाल सरकारको राजश्व शीर्षक (कार्यालयको कोड तथा राजश्व खाता सम्बन्धित कार्यालयबाट उपलब्ध हुने) मा नगद जम्मा गरेको सक्कल भौचर वा सम्बन्धित कार्यालयहरुमा नगदै जम्मा गरी सूचना प्रकाशित भएकै दिन देखि बोलपत्रको हकमा मिति २०८०/०९/१६ गते सोमवार र दरभाउपत्रको हकमा मिति २०८०/०९/०१ गते आइतवार कार्यालय समय भित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र राशन व्यवस्था गर्नुपर्ने सम्बन्धित प्रहरी कार्यालयहरुबाट खरिद गर्न सकिनेछ।

३. सिलबन्दी बोलपत्र वा दरभाउपत्रको मान्य अवधि सम्बन्धित प्रहरी कार्यालयले नियमानुसार तोके बमोजिम हुनेछ ।

४. सिलबन्दी बोलपत्र, विद्युतीय बोलपत्र (e-bidding) सूचना प्रकाशित भएको मिति देखि मिति २०८०/०९/१७ गते मंगलवार र दरभाउपत्र मिति २०८०/०९/०२ गते सोमवार दिनको १२:०० बजे भित्र सम्ममा बिरामी सिदा (राशन) वा घोडा तथा कुकुर दाना (आहार) खरिद बन्दोबस्त गर्ने सम्बन्धित प्रहरी कार्यालयहरूमा दर्ता तथा e-Submission गराई सक्नुपर्ने छ । रितपूर्वक दर्ता हुन आएका सिलबन्दी बोलपत्र, विद्युतीय बोलपत्र (e-bidding) र दरभाउपत्रहरु उल्लेखित दिनको १४:०० बजे सम्बन्धित कार्यालयहरुमा उपस्थित प्रतिनिधी, बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पुग्ने छैन । पूर्व निर्धारित मितिमा कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

५. बोलपत्रदाताले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट आ.ब.०७९/०८० को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोलिने अन्तिम दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समय भित्र बोलपत्र एवं दरभाउपत्र दर्ता गरिने र खोलिने छ ।

७. बोलपत्र सम्बन्धी कागजातको परिमाण सहितको मूल्य सूचि भर्दा मुल्य अभिबृद्धि कर बाहेकको प्रति दिन प्रति जवान वा घोडा वा कुकुरको आईटमवाईज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखि भर्नु पर्ने छ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. सम्बन्धित कार्यालयबाट बिक्रि बितरण भएको बोलपत्र कागजात मात्र मान्य हुने र एक व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईने छैन ।

९. म्याद नाघी प्राप्त भएका बोलपत्र/दरभाउपत्र र रीत नपुगेका बोलपत्र/दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. खरिद सम्झौता अवधिभर कुनै किसिमको मुल्य बृद्धि दिईने छैन ।

११. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित कार्यालयहरूमा सुरक्षित रहनेछ ।

१२. बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको प्राविधिक विवरण (स्पेशिफिकेशन) बमोजिम गुणस्तरयुक्त र नेपाल सरकारले तोकेको मापदण्ड भित्रको प्रत्येक आईटमको नमूना (सडिगली जाने बाहेक) बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको परिमाणमा छुट्टा छुट्टै प्याकिङ्ग गरी बोलपत्रसाथ पेश गर्नु पर्ने छ ।

१३. बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरूको बैठक मिति २०८० साल पुस ०८ गते आइतवार दिउँसो १४:०० बजे सिदा (राशन) तथा दाना (आहार) आपूर्ति व्यबस्था गर्ने सम्बन्धित प्रहरी कार्यालयमा राखिएको हुँदा उक्त दिन उपस्थित हुन र सबै सम्भावित बोलपत्रदाताहरुले उक्त मिति अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्नु उपयुक्त हुने कुरा जानकारी गराईन्छ ।

१४. बिद्युतीय बोलपत्र (e-bidding) सम्बन्धी थप जानकारी बोलपत्र सम्वन्धी कागजातबाट लिन सकिनेछ ।

१५. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा सम्बन्धित कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ । साथै, बोलपत्र सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको website:www.ppmo.gov.np/ www.bolpatra.gov.np/e-GP र नेपाल प्रहरीको website: www.nepalpolice.gov.np मा पनि हेर्न सकिनेछ ।

१६. यस सूचना तथा सिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख नभएका विषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, (संसोधन सहित) र प्रचलित अन्य नेपाल कानून अनुसार हुनेछ ।